Regd. No. 1300/067/068
PAN: 600232009

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# Hydroelectricity Investment And Development Company Ltd.

(नेपाल सरकारको स्वामित्व रहेको)

प.सं. 069/80
च.नं. *(Ref. No.)*: 392

मितिः २०७९/०९/२६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः एघारौं वार्षिक साधारण सभाको काम कारवाही बारे जानकारी सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०७९/०९/२६ गते मङ्गलबार अर्पण ब्याङ्केट, नयाँ वानेश्वर, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष एवम् नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेको अध्यक्षतामा सम्पन्न भयो। साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको कम्पनीको वार्षिक प्रतिवेदन सहित देहायका प्रस्तावहरु पारित भयो:

(क) साधारण प्रस्ताव

१) सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गरियो।

३) महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चार्टर्ड एकाउन्टेन्ट श्री सृष्टी कोइरालालाई आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरियो।

४) कम्पनीको स्वतन्त्र सञ्चालक पदमा १ (एक) जना नियुक्त गर्ने प्रस्ताव अन्तर्गत ई. माधव प्रसाद कोइराला, इन्द्रावती गा.पा.-६, सिन्धुपाल्चोक लाई कम्पनीको स्वतन्त्र सञ्चालक पदमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो।

(ख) विशेष प्रस्ताव

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.००% (पाँच प्रतिशत) का दरले हुने रू. १,०६,३८,१३,३७५।- (अक्षरेपी एक अर्ब छ करोड अड्तीस लाख तेह हजार तीन सय पचहत्तर मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.२६३% (शून्य दशमलव दुइ छ तीन प्रतिशत) का दरले हुने रू. ५,५९,९०,१७७।६३ (अक्षरेपी पाँच करोड उनान्साठी लाख नब्बे हजार एक सय सतहत्तर रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) नगद लाभांश (कर सहित) नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्ने प्रस्ताव पारित गरियो।

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरियो।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गरियो।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट अटिज्म भएका बच्चाहरुको अवस्था सुधारका कार्यक्रमका लागि अभानी फाउण्डेशन, काठमाण्डौलाई रु. ४ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने प्रस्ताव पारित गरियो।

एघारौं वार्षिक साधारण सभाको माइन्युटको पूर्ण विवरण कम्पनीको वेबसाइट www.hidcl.org.np मा प्रकाशित गरिनेछ।

भवदीय,

जीवन कुमार बस्नेत
कम्पनी सचिव